बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

**बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)**
**लुम्बिनी प्रदेश, नेपाल**

प.सं.:२०८२/८३ मिति:२०८२।१२।२५
च.नं.: २६९९

श्री विद्यालय (सबै),
बर्दघाट नगरपालिका, नवलपरासी (ब.सु.प.)।

विषय : आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा -८) र कक्षा ५ को नतिजा सम्बन्धमा ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८२ को आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा -८) को नतिजा प्रकाशन गरिएको बेहोरा परीक्षा समितिको मिति २०८२/१२/२५ गतेको निर्णयअनुसार जानकारी गराइन्छ ।परीक्षाको नतिजामा बढिमा २ विषयसम्म NG प्राप्त गरेका विद्यार्थीहरू ग्रेडवृद्धि परीक्षामा सहभागी हुन सक्नेछन्। तपसिलमा उल्लिखित प्रक्रियाबाट सम्बन्धित विद्यालयले IEMIS मा नतिजा हेर्न र विद्यार्थीको Grade Ledger प्राप्त गर्न सक्ने छ। साथै आधारभूत तह (कक्षा-५) को हकमा इमिस मार्फत विद्यार्थीले प्राप्त गरेको अङ्क प्राप्त गरी नतिजा विश्लेषण, मूल्याङ्कन तथा अन्तिम नतिजा प्रकाशन र प्रमाणीकरण गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयलाई नै प्रदान गरिएको बेहोरा अनुरोध छ।

डिल्लीराम ढुंगाना
शिक्षा अधिकृत

तपसिल:

१. emis.cehrd.gov.np मा गई user name र password राखी IEMIS लगइन गरी Manage exam मा गई Grade wise ledger छनोट गरी नतिजा हेर्न र प्रिन्ट गर्न सकिने छ ।

२: कक्षा ८ को प्रकाशित नतिजामा चित्त नबुझी पुनर्योग गर्न चाहेमा प्रति विषय रु. २०० नगरपालिकामा राजस्व तिरेको रसिद, प्रवेश पत्र र विद्यालयको सिफारिससहित मिति २०८३/०१/२ गते सम्ममा कार्यालय समयभित्र सम्बन्धित विद्यालयमार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुपर्ने छ ।

३.ग्रेड वृद्धि परीक्षा मिति २०८३/०१/२१ र २२ गते विहान ११:०० बजे देखि सञ्चालन गरिनेछ।

४.ग्रेड वृद्धि परीक्षाको समयतालिका लगाएत अन्य विषयमा अर्को सूचना मार्फत जानकारी गराइने छ।

५. कक्षा ५ को सन्दर्भमा विद्यालयलाई इमिस मार्फत परीक्षा तथा नतिजा सम्बन्धी सबै व्यवस्थापन गर्ने गरी अधिकार प्रदान गरिएको छ।